आज मिति २०७८ साल चैत्र ७ गते सोमवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | अनुपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १ | श्री राधिका पन्थ | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: शिक्षकहरुको दरबन्दी मिलान सम्बन्धमा ।
प्रस्ताव नं.३: कार्यविधि संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.४: सभागृहको नामाकरण एवं सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.५: कर्मचारीको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.६: एम्बुलेन्सको बक्यौता रकम अशुल गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: रकम भुक्तानी गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: राहत वितरण सम्बन्धमा ।
प्रस्ताव नं.९: विपद्जन्य घर नक्शापास दस्तुर छुट सम्बन्धमा ।
प्रस्ताव नं.१०: गाउँ नगर साझेदारी बचत तथा ऋण सहकारी संस्था लि.को सहभागीता सम्बन्धमा ।
प्रस्ताव नं.११: दक्षिण कोरियाको दम्याङ्ग न.पा.सँग भगिनी सम्बन्ध जोडन अनुमती सम्बन्धमा ।
प्रस्ताव नं.१२: काज शिक्षकहरुको दरबन्दी कायम सम्बन्धमा ।
प्रस्ताव नं.१३: बोलपत्र/दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१४: योजनाको म्याद थप सम्बन्धमा ।
प्रस्तावः नं.१५: योजनाको भेरिएसन स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१६: स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.१७: सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.१८: व्यास ५ पराशर मा.वि. भवन निर्माण नक्शा स्वीकृत एवं टेण्डर प्रकृया सम्बन्धमा ।
प्रस्ताव नं.१९: विद्यालय तथा पार्कको रुख कटान सम्बन्धमा ।
प्रस्ताव नं.२०: विभिन्न योजनाहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: गाई भैंसी, बाख्रा बङगुर प्रवर्द्धनमा ५०% अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.२२: रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२३: योजना परिवर्तन सम्बन्धमा ।

निर्णयहरुः

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/११/२२ गते भएको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयका सन्दर्भमा तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान र सहमती पाएका शिक्षकहरुको सरुवा प्रकृया अगाडी बढाउन यस अघि नै प्रमुख, उप-प्रमुख र शिक्षा अधिकारीबाट गर्ने भनि भएको निर्णयलाई आगामी दिनमा पनि निरन्तरता दिदै हाललाई निम्न लिखित शिक्षकहरुलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) अनुसार तलल लेखिए बमोजिम दरबन्दी मिलान सरुवा गर्ने निर्णय गरियो ।

(१) व्यास ७ क्यामिन मा.वि. कलेस्तीका गणित नि.मा.वि. स्थायी शिक्षक श्री सन्तोष न्यौपानेलाई व्यास ६ इन्दु मा.वि. अम्रेनीमा स्थानान्तरण गर्ने ।
(२) व्यास ६ इन्दु मा.वि. अम्रेनीका गणित नि.मा.वि. स्थायी शिक्षक श्री रामकाजी श्रेष्ठलाई व्यास ७ क्यामिन मा.वि. कलेस्तीमा स्थानान्तरण गर्ने ।
(३) व्यास ३ दमौली वेदव्यास महर्षी सँस्कृत मा.वि. का सामाजिक विषयका नि.मा.वि. स्थायी शिक्षक श्री माधव खनाललाई व्यास ११ बसन्त आधारभूत विद्यालयमा स्थानान्तरण गर्ने ।
(४) व्यास ११ बसन्त आधारभूत विद्यालयमा कार्यरत स्थायी प्रा.वि. शिक्षक श्री शर्मिला ओझालाई वेदव्यास महर्षि संस्कृत विद्यालय व्यास ३ मा स्थानान्तरण गर्ने ।

(५) व्यास ६ देउराली प्रा.वि. मा कार्यरत प्रा.वि. स्थायी शिक्षक श्री लक्ष्मी भुषाललाई व्यास २ जनसेवा प्रा.वि. मा स्थानान्तरण गर्ने ।

(६) व्यास १२ अमरज्योती मा.वि. मा कार्यरत प्रा.वि. स्थायी शिक्षक श्री पार्वती खनाललाई उदय मा.वि. व्यास ६ मा स्थानान्तरण गर्ने ।

(७) व्यास १२ मनकामना प्रा.वि. मा कार्यरत प्रा.वि. स्थायी शिक्षक श्री लक्ष्मी श्रेष्ठलाई व्यास १२ अमरज्योती मा.वि. मा स्थानान्तरण गर्ने ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगर सरसफाई सम्बन्धी कार्यविधि, २०७७, र व्यास नगर शिक्षा नियमावली, २०७६ लाई केही संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ३ वि.पि.वनबाटिकामा निर्माणाधिन जिल्ला सभागृह नेपालका ऐतिहासिक व्यक्तित्व एवं पूर्व प्रधानमन्त्री वि.पि. कोइरालाले दल माथी लगाईएको प्रतिबन्धित समय २०३६ सालमा तनहुँबासीहरुलाई सम्बोधन गर्नु भएको ऐतिहासिक स्थलमा रहेकाले उक्त सभागृहको नामाकरण “वि.पि. सदन, जिल्ला सभागृह दमौली” राख्न र उक्त सभागृह सम्पन्न भएपछि सो सभागृह सञ्चालन एवं व्यवस्थापनको जिम्मेवारी व्यास नगरपालिकालाई दिनका लागि जिल्ला समन्वय समिति मार्फत सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विगतमा भुमि आयोग अन्तर्गत रही व्यास नगरपालिकामा कामकाज गर्दै आएकी सबिया बेगमलाई भुमि आयोगको काम सकिए पश्चात् यसै कार्यालयको घर नक्शापास प्रकृयालाई कम्प्युटर प्रणाली मार्फत अगाडी बढाईएको हुँदा सोही काममा खटाईएकोले निजको सेवा करार म्याद सकिएकै मिति देखि २०७९ आषाढ मसान्तसम्म पुन: सेवा करार गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा हाल व्यास नगरपालिकामा रहेको एम्बेलेन्स सेवा व्यास नगरपालिकामा कार्यरत कर्मचारीहरुले प्रयोग गर्दा तोकिएको रकममा ५०% छुट दिने र तिर्न बाँकी रकम एम्बुलेन्स प्रयोगकर्ता कर्मचारीहरुबाट तत्काल नगरपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धी कोषमा दाखिला गर्न लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सबै वडामा राष्ट्रिय परिचयपत्र बनाउने अभियानमा खटिई आउने कर्मचारीहरुलाई खुवाईएको खाजा, खाना र बासको रकम वडाबाट आएका बिलका आधारमा सम्बन्धित शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम व्यास नगरपालिका क्षेत्रभित्रका विभिन्न वडाहरुबाट आएको निवेदन उपर सोही कार्यविधिको दफा ८ बमोजिम गठित अनुगमन तथा सहजीकरण समितिबाट सिफारिस भई आए बमोजिमका अति विपन्न परिवारलाई राहत स्वरुप आएको रकम प्रति परिवार रू.१०,०००। (दश हजार) का दरले वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा भुकम्प, बाढी पैह्रोबाट घर भत्किएको अवस्थामा साधारण घर बनाउँदा दस्तुर मिनाहा हुदै आएको र पिलर सहित पक्की तला भएको घर निर्माण हुँदा ३ तला सम्मा नक्शापास दस्तुरमा ५०% छुट दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा गाउँ, नगर साझेदारी कार्यक्रम अन्तर्गत यस नगरपालिकाभित्र टोल विकास संस्थाहरु गठन गरी विकास प्रकृयामा सहभागी बनाउँदै आएकोमा हाल उक्त कार्यक्रम फेजआउट भई त्यस अन्तर्गतका कर्मचारी समेत नगरपालिकामा समायोजन भईसकेको तर त्यस्ता टोल विकास संस्थाहरुले निरन्तरता पाई बचत संकलन कार्य हुदै आएकोमा उक्त संस्थाहरुलाई एकिकृत गरी गाउँ, नगर साझेदारी बचत तथा ऋण सहकारी संस्था लि. दर्ता भई कार्य हुदै आएकाले

व्यास नगरपालिकाबाट सञ्चालित साझेदारी कोष सञ्चालन एवं व्यवस्थापन समितिमा उक्त सहकारीको प्रतिनिधि एक जना हाललाई अनिवार्य आमन्त्रित सदस्यमा राख्ने र नगरपालिकासँग उक्त सहकारीसँग सहकार्यका लागि साझेदारी कोष सञ्चालन कार्यविधिलाई परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा दक्षिण कोरिया स्थित "दम्याङ्ग" काउण्टी (Damyang) नगरपालिकासँग भगिनी सम्बन्धका लागि पत्राचार भई पालिकास्तरबाट सहमती प्राप्त भएकाले नेपाल सरकारको स्वीकृतिका लागि गण्डकी प्रदेश सरकार मार्फत नेपाल सरकार सङ्घीय मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा २०७७ फाल्गुण मसान्तसम्म विभिन्न विद्यालयमा दरबन्दी रही काज सरुवा भएका शिक्षकहरुको कार्यरत रहेकै विद्यालयमा दरबन्दी कायम गरी विषय मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा सञ्चालन हुने गरी तपसिलमा उल्लेखित निर्माण/खरिद कार्यको लागि बोलपत्र/दरभाउपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मूल्यांकन समितिको सिफारिसमा तपसिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण/खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल**

| सि. नं | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक (मु.अ.क. वाहेक) |
|---|---|---|---|---|
| १ | २४/Vyasmun /२०७८।०७९ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन शुक्लागण्डकी ८ तनहुँ | कालिका मार्ग स्तरोन्नति योजना व्यास ८ | रु.५९,१६,६४३।५० |
| २ | २५/Vyasmun /२०७८।०७९ | श्री हरिशान्ती कन्स्ट्रक्सन व्यास २ | देउराली नगर अमरापुरी बुल्दी खोला करिडोर कालोपत्रे तथा पक्की नाला निर्माण योजना व्यास २ र ३ | रु.४२,५५,१७२।५० |
| ३ | २६/Vyasmun /२०७८।०७९ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन शूक्लागण्डकी ८ तनहुँ | वडा कार्यालय पहुँच मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना व्यास १३ | रु.२१,७०,१२०।१० |
| ४ | २७/Vyasmun /२०७८।०७९ | श्री हरिशान्ती कन्स्ट्रक्सन व्यास २ | रेडक्रस मार्ग सडक स्तरोन्नति योजना (कालोपत्रे सडकको रिसिलिङ कार्य व्यास ३ | रु.१९,०७,८१६।७५ |
| ५ | ३५/Vyasmun /२०७८।०७९ | श्री जि.सेभेन एग्रिकल्चर प्रा.लि. ललितपुर | कम्पोष्ट विन खरिद व्यास २ | रु.७,७७,६५५।७५ |

**निर्णय नं.१४:** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा गत आर्थिक वर्षमा सम्झौता भई क्रमागत योजनाको रुपमा रहेका तथा चालू आर्थिक वर्षमा सम्झौता भई कार्यान्वयनको चरणमा रहेका ठेक्का तथा

उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको मिति २०७९।३।१५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ स्थित समता विद्यालय जाने बाटोमा पक्की नाला र ढलान गर्ने योजनाको लागि ठेक्का सम्झौता भएकोमा स्वीकृत परिमाण भन्दा बढी कार्य भएको हुंदा प्राविधिक मूल्याङ्कनको आधारमा सम्बन्धित शिर्षकबाट रकम भुक्तानी गर्ने गरी रु.१,००,०००। को परिमाण भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा उद्योग पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखाबाट प्रस्तावित प्रकृया पूरा भएका निम्न लिखित उद्योगहरुलाई दर्ता गर्ने निर्णय गरियो ।

| सि.नं. | उद्योगको नाम | उद्योगको ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | संयुक्त स्लेट ढुङ्गा उत्खनन् उद्योग | यास ११, तनहुँ | |
| २. | रेखिमा स्लेट ढुङ्गा उद्योग | व्यास १०, तनहुँ | |
| ३. | आरती स्लेट ढुङ्गा उत्खनन् उद्योग | व्यास ११, तनहुँ | |
| ४. | राम्चे स्लेट ढुङ्गा उत्खनन् उद्योग | व्यास ११, तनहुँ | |
| ५. | चण्डीमाई स्लेट ढुङ्गा उत्खनन् उद्योग | व्यास ११, तनहुँ | |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत नेपाल सरकारको कार्यक्रम निर्देशन बमोजिम २०७८/१२/१३ गतेदेखि २०७९/१/८ गतेसम्म २६ दिन सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रकृया अघि बढाउन प्रस्तावित दर्ता शिविर सञ्चालन हुने स्थान र मिति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.५ पाटन स्थित प्रस्तावित पराशर मा.वि.को भवन अगाडी चापाघाटबाट रिसिङ्ग गाउँपालिका वडा नं.१ झापुटार तनहुं हाइड्रोपावर लिमिटेडको परियोजना स्थलसम्म जाने मोटर बाटोमा अत्यधिक सवारी साधनको आवत-जावत हुँदा विद्यालयको पठन-पाठनमा असर पुगेको हुँदा उक्त विद्यालय स्थानान्तरण गर्नुपर्ने देखिंदा नेपाल सरकार राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट स्वीकृत डिजाइन अनुसार दुई तले विद्यालय भवन व्यास नगरपालिका वडा नं.५ पाटन स्थित साविक गुणादी महेन्द्रपुर गा.प. वडा नं. १/ग कि.नं. १ को पूर्व- पश्चिम बाटो, दक्षिण सानु श्रेष्ठको घर, उत्तर बोटेहरुको स-साना घर यति ४ किल्ला भित्रको अन्दाजी ४ रोपनी ऐलानी जग्गामा विद्यालय भवन निर्माण गर्न प्रस्तावित नक्शा स्वीकृत गरी निर्माण प्रकृया अघि बढाउनु हुन भनी तनहुं हाइड्रोपावर लिमिटेडलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास ७ स्थित बसन्तकाली प्रा.वि. को कम्पाउण्ड भित्रका २ वटा काँचा रुख र १ वटा सुकेको रुख हटाउनु पर्ने देखिएको र व्यास १ छाब्दी दोभान स्थित विकम पार्कमा रहेको सिमलको रुख हटाउनु पर्ने देखिएकाले जिल्ला वन कार्यालयसँग समन्वय गरी रुख कटान एवं हटाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका विभिन्न कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | जग्गा विकास शाखा अनुभव आदान-प्रदान भ्रमण | | १,५०,०००।०० | भैपरी |
| २. | समुदाय विपद तयारी प्रशिक्षण (युवा केन्द्रित) | | ४,९०,०००।०० | २०६ |
| ३. | नेपाल लेखक संघ, कार्यक्रम सहयोग | | ३०,०००।०० | २०८ |

| | | | | |
|---|---|---|---|---|
| ४. | पतञ्जली योग शिविर व्यवस्थापन | ५ | ३,००,०००।०० | २०८ |
| ५. | तनहुँसुर होमस्टे प्रवर्द्धन | ११ | २,००,०००।०० | भैपरी |
| ६. | सरस्वती आधारभूत विद्यालय, कम्पाउण्ड घेरावार | ९ | २,००,०००।०० | ७७२ |
| ७. | अमरज्योती माध्यमिक विद्यालय, पैह्रो सफाई | १२ | ७०,०००।०० | विपद |
| ८. | स्तन क्यान्सर तथा पाठेघरको मुख परीक्षण शिविर व्यवस्थापन | १ | १,५०,०००।०० | १८२ |
| ९. | उद्योग वाणिज्य संघ, बजार सफाई रङ्गरोगन | २,३ | २,००,०००।०० | भैपरी |
| १०. | नयाँबस्ती टोल सामुदायिक भवन फर्निचर खरिद | १० | ४६,७३९।०० | ८६४ |
| ११. | दमौली सौन्दर्य प्रशिक्षण कार्यक्रम सहयोग | २ | ७५,०००।०० | १७८ |
| १२. | विपद अन्तर्गत तारजाली खरिद | | ५,००,०००।०० | विपद |
| १३. | नमस्ते युवा क्लव फूटवल प्रतियोगिता | ३ | ५०,०००।०० | ७७७ |
| १४. | रिट्ठाबोट बागेचौर खानेपानी पानीको पाइप खरिद | ९ | ३०,०००।०० | ७९४ |
| १५. | झिनुवाटार खानेपानी पाइप फेर्ने कार्य | ९ | ५०,०००।०० | ७९४ |
| १६. | सँगम युवा खेलमैदान निर्माण/मर्मत | ९ | २,००,०००।०० | ७७७ |
| १७. | कटहरे फाँटमा पैह्रो हटाउने कार्य | १२ | ५०,०००।०० | विपद |
| १८. | शिसाकोलाबाट खेत जोगाउने कार्य | १२ | ५०,०००।०० | विपद |
| १९. | लम्सालडिही खानेपानी पाइप खरिद | ७ | १,००,०००।०० | ७९४ |
| २०. | लक्ष्मीकाली आमा समूह भवन निर्माण | ७ | १,५०,०००।० | भैपरी |
| २१. | विरालेटार सडक स्तरीकरण थप | ४ | ४,००,०००।०० | भैपरी |
| २२. | झलक विश्वकर्मा अध्ययन सहयोग | ११ | ४०,०००।०० | १५७ |
| २३. | शर्मिला सुनार अध्ययन सहयोग | ६ | ३०,०००।०० | १५७ |
| २४. | व्यास नगर आमा समूह तिजगित नेतृत्व विकास | ३ | ३५,०००।०० | १७८ |
| २५. | महेन्द्रज्योती मा.वि. शिशाघाट भवन रङ्गरोगन | ६ | ३,००,०००।०० | मर्मत |
| २६. | भगेरी मार्ग मर्मत सम्हार | १२ | २,००,०००।०० | मर्मत |
| २७. | बविता गुरुङ्ग उपचार खर्च सहयोग | | ३५,०००।०० | ३९ |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा पशुपन्छी विकास उपशाखा अन्तर्गतको गाई/भैंसी, बाखा, बङ्गुर प्रवर्द्धनमा ५० प्रतिशत अनुदान कार्यक्रममा माग सङ्कलन भई आएका आवेदनहरू मध्ये स्थलगत अनुगमन मूल्याङ्कनका आधारमा देहाय बमोजिमका फार्महरू छनौट गरी कार्यपालिका बैठकमा अनुमोदन गर्ने निर्णय गरियो ।

१. भेडा/बाखा प्रवर्द्धन (फार्म सुधार) तर्फ (कुल बजेट रु.६,००,०००)

| क्र.सं | दर्ता नं. | फार्मको नाम | सञ्चालकको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३६१९ | घले बाखा फार्म | युवराज गुरुङ्ग | साजा-६ | 9806594888 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ३५९२ | नेन्सी बाखा पालनफार्म | कृष्ण बा. गुरुङ्ग | सोतीवेशी-८ | 9807734311 | अनुदान रकम रु.५०,००० ( अक्षरुपी पचास हजार) प्रति फार्म |
| ३ | ३६५० | सुस्मिता पशु फार्म | सुस्मित आले थापा | हर्कपुर-१४ | 9829124832 | |
| ४ | ३६०१ | रिस्ती कृषि तथा पशुफार्म | शान्ता देवी न्यौपाने | व्यास-६ | 9869010432 | |
| ५ | ३६३७ | सरोज पशु फार्म | चिजमाया घर्ती | काजीफाट-९ | 9846915024 | |
| ६ | ३४८० | ऋषिभ बाखा फार्म | इन्द्र देवी पन्थ | व्यास-१३ | 9825192970 | |
| ७ | ३५९३ | बराह देवी बाखाफार्म | विष्णु गुरुङ्ग | गाडापानी-८ | 9825188169 | |
| ८ | ३५९८ | इसिका कृषि तथा पशुफार्म | चिनु वि.क | व्यास-८ | 9827183666 | |
| ९ | ३५९४ | नरमदा पशु तथा कृषिफार्म | नरमदा वि.क | व्यास-८ | 9806528637 | |
| १० | ३६१८ | ए.जे इसान कृषि तथापशु फार्म | जिवन कुमार गुरुङ्ग | साजा-६ | 9806664614 | |
| ११ | ३६०३ | प्रमेश कृषि तथा पशुफार्म | कमला पहारी | कालिकाटोल,८ | 9846827549 | |
| १२ | ३६०२ | सुनिरा बाखा फार्म | सरस्वती पौडेल | समिफेद-८ | 9846774684 | |

## २. गाई/भैंसी प्रवर्द्धन (फार्म सुधार) तर्फ (कुल बजेट रु. ४,००,०००)

| क्र.सं | दर्ता नं. | फार्मको नाम | सञ्चालकको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३६३१ | सामली भैंसी फार्म | राजेस गुरुङ्ग | सामली-७ | 9805818170 | अनुदान रकम रु.५०,००० ( अक्षरुपी पचास हजार) प्रति फार्म |
| २ | ३६३६ | आशिका कृषि तथा पशुफार्म | पार्वती भण्डारी | काजीफाट-९ | 9864455798 | |
| ३ | ३६५६ | सिंजाली गाई फार्म | विश्वराज सिंजाली | ओटाङ्गदी-१३ | 9808483667 | |
| ४ | ३६६० | छाब्दी कृषि तथापशुपन्छी फार्म | विजय पन्थ | व्यास-१३ | 9804193829 | |
| ५ | ३६०० | अधिकारी पशुपालन तथाकृषि फार्म | पार्वती पराजुली | सोतीवेशी-८ | 9846537601 | |
| ६ | ३५९७ | छाब्दी बारही कृषि तथापशु फार्म | भरत पौडेल | सोतीवेशी-८ | 9860602530 | |
| ७ | ३६३२ | कुशल गाई फार्म | दान ब.अधिकारी | गोल्दी-७ | 9816128226 | |
| ८ | ३६३३ | सोनिका कृषि तथा पशुफार्म | सबिता घर्ती | पोखरीडाँडा-९ | 9805883312 | |

## ३. बङ्गुर/सुङ्गुर प्रवर्द्धन (फार्म सुधार) तर्फ (कुल बजेट रु.८,२५,०००)

| क्र.सं | दर्ता नं. | फार्मको नाम | सञ्चालकको नाम | ठेगाना | सम्पर्क नं. | अनुदान रकम |
|---|---|---|---|---|---|---|
| १ | ३३६० | कृष्ण कृषि तथा पशुफार्म | मोती कृष्ण वि.क | रतौली टोल-१ | 9827154122 | ७५,०००। |
| २ | ३६३० | रिस्ती मादी कृषि तथापशु फार्म | तिर्थराज भण्डारी | व्यास-७ | 9814138995 | ७५,०००। |
| ३ | ३६४१ | कुमाल गाँउ कृषक समूह | राम कृष्ण कुमाल | कुमालगाँउ-९ | 9846513655 | ७५,०००। |
| ४ | ३५४९ | सुबिन कृषि तथा पशुफार्म | चिज कुमार दरै | व्यास-१० | 9826651490 | प्रति फार्म रु.५०,०००। |
| ५ | ३६४३ | रुचाल वङ्गुर तथा कृषिफार्म | विष्णुमाया नेपाली | रामथुम्की-११ | 9829132180 | |
| ६ | ३५८६ | कोपिला कृषि तथा पशुफार्म | कोपिला परियार | रातमाटा-११ | 9816143932 | |
| ७ | ३४२३ | सिम्रन कृषि तथा पशुफार्म | हरिमाया थापा | चिन्तुटार-५ | 9802844056 | |
| ८ | ३६३५ | प्रताप कृषि तथा पशुफार्म | बेल माया सार्की | व्यास-९ | 9824151356 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ३६५४ | किजिम कृषि फार्म | अनिता थापा | व्यास-१४ | 9846460120 | |
| १० | ३५८५ | जेनिशिश सुङ्गुर फार्म | अनिता वि.क | शिशाघाट-६ | 9817142751 | |
| ११ | ३५८३ | क्यामिन पशुपन्छीफार्म | राधिका परियार | सेरा-७ | 9829139320 | |
| १२ | ३५१७ | जिवन कृषि तथा पशुफार्म | शुशिला थापा | रतौली टोल-१ | 9806563370 | |
| १३ | ३६१० | दिदि बहिनी कृषि तथा पशु फार्म | दिलुमाया थापा | भादगाँउ-१ | 9846092354 | |
| १४ | ३६५९ | सिजाली वङ्गुर फार्म | तिल बा. सिंजाली | व्यास-१३ | 9806612620 | |
| १५ | ३६५१ | विजाल वङ्गुर फार्म | मोहन आले | व्यास-१३ | 9806563440 | |

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा २०७८।१०।१८ को प्रकाशित सूचना अनुसार प्राप्त भएका आवेदनहरु माथि अनुगमन तथा निरीक्षण गरी आर्थिक विकास समितिमा छलफल भई कार्यविधि अनुसार मापदण्ड पुगेका सबै आवेदनहरू छनौट गरी कार्यपालिका बैठकमा अनुमोदनका लागि सिफारिस गर्ने निर्णय गरियो । छनौट भएका सहकारी संस्थाहरूलाई सम्झौता गर्न तथा दुध/खसी/बोकाको प्रमाणित सङ्कलन रेकर्ड सहित दुई वटा चौमासिकको एकमुष्ट रुपमा भुक्तानी माग गर्न सूचना प्रकाशन गर्ने र तेस्रो चौमासिक (असार १५ सम्मको) को भुक्तानी असार १५ पछि दिने गरी कार्यक्रम अगाडि बढाउन निर्णय गरियो ।

सहकारी मार्फत बिक्री हुने दुधमा अनुदान प्रति लिटर रु.१ को दरले कार्यक्रम तर्फ छनौट भएका सहकारी संस्थाहरू :

| सि.नं. | दुग्ध उत्पादक सहकारी संस्था | ठेगाना | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | बेलबास दुग्ध उत्पादक सहकारी संस्था | बेलबास-१३ | लेखनाथ बास्तोला | 9846402488 |
| २ | सेवर दुग्ध उत्पादक सहकारी संस्था | सेवर-१० | हरिभक्त अधिकारी | 9846245337 |
| ३ | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था | दुम्सी-१० | डिल्लीराम सापकोटा | 9856074964 |
| ४ | पोखरीभञ्ज्याङ्ग दुग्ध उत्पादक सहकारी संस्था | पोखरीभञ्ज्याङ्ग-१३ | विष्णु प्रसाद बराल | 9846911570 |
| ५ | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था | चिन्तुटार-५ | हिरा बा. सापकोटा | 9846179704 |
| ६ | चारकुने दुग्ध उत्पादक सहकारी संस्था | चारकुने-१ | राम चन्द्र पन्थ | 9857650059 |

सहकारी मार्फत बिक्री हुने खसी/बोकाको मासुमा अनुदान प्रति के.जी रु.१० को दरले कार्यक्रम तर्फ छनौट भएका सहकारी संस्थाहरू :

| सि.नं | सहकारी संस्था | ठेगाना | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था | फेदीपाखा-८ | मन्जु मिश्र | 9866003013 |
| २ | आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था | गोल्ला-१२ | विद्या खनाल | 9842003260 |

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ को सिफारिसको आधारमा देहाय बमोजिमका वडागत योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं | योजनाको नाम | परिवर्तन गरी कायम भएको योजनाको नाम | बजेट | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | सि.नं.९२ मा छिनुवा खेत संरक्षण | प्रगतिशील युवा क्लबको खेल मैदान स्तरोन्नति गर्ने | रु.४०,०००। | |
| २ | सि.नं.९५ को सेनिटरी प्याड खरिद | ज्यामिरे गाउँबाट सिमलचौरको बन्दिपुर चोकको गाउँसम्मको भागमा पोलिथिन पाइप मर्मत गर्ने काम | रु.३०,०००। | |